# श्री बाँके जिल्ला अदालत

नेपालगंज, बाँके ।

प्रशासन शाखा ।

सूचना प्रकाशि मितिः२०७८।११।१६

पत्र संख्याः ०७८/७९

चलानी नं.:

सूचना!! सूचना!!!! सूचना!!!!!

**विषयः- वैतनिक कानून व्यवसायी नियुक्ति सम्बन्धमा सूचना ।**

यस अदालतको वैतनिक कानून व्यवसायीको रुपमा नियुक्त भई कामकाज गर्दै आउनु भएका विद्वान वैतनिक अधिबक्ता श्री विर बहादुर खड्काज्युको पदावधी मिति २०७८।१२।०३ गतेदेखि समाप्त हुने हुदाँ उक्त रिक्त हुन जाने वैतनिक कानून व्यवसायीको पदमा जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(२),(३),(४) र (५) बमोजिम नियुक्तिका लागि इच्छुक कानून व्यवसायीहरुबाट यसै सूचनाद्धारा दरखास्त आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस अदालतमा दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि वा रित नपुगी आएका निवेदन उपर कारवाही नहुने वेहोरा अनुरोध छ ।

१. पदः- वैतनिक कानून व्यवसायी संख्या १ (एक) ।

२. अवधीः- १ (एक) वर्ष,

३. प्रदान गर्नुपर्ने सेवाः वैतनिक कानून व्यवसायीको हैसियतले प्रदान गर्नु पर्ने सेवा/ तोकिए बमोजिम,

४. संलग्न गर्नुपर्ने कागजातहरुः

   १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

   २. आवश्यक न्यूनतम शैक्षिक योग्यता (कानूनमा स्नातक तह उत्तिर्ण) को प्रमाणपत्रको प्रतिलिपि

   ३. अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि

   ४. सम्बन्धित विषयमा कुनै तालिम, अनुभव वा अन्य थप योग्यता भए सोको प्रतिलिपि,

   ५. दरखास्त दस्तुर रु. १० ।

५. छनौटको किसिमः- अन्तर्वार्ता र तोकिएको अन्य आधारमा हुने ।

६. पारिश्रमिकः- तोकिए अनुसार

७. अन्तर्वार्ता मितिः दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट प्रकाशित गरिनेछ ।

८. नियुक्तिका लागि छनौट भएको उम्मेदवारले छनौट भएको मितिले ७ दिन भित्र नियुक्ति लिन आउनुपर्नेछ ।

०७८।११।१६

.........................

सन्त बहादुर पौडेल

तहसिलदार शाखा अधिकृत

तहसीलदार शाखा अधिकृत

Phone no.081520034, email:-info.dcbanke@supremecourt.gov.np